


वर्ष ४८ | अङ्क ८ | वैशाख २०८१ | अप्रिल-मे २०२४

# 'ग्लोबल मनी विक-२०२४' सम्पन्न




'Protect your money, secure your future' भन्ने नाराका साथ मुलुकभर 'ग्लोबल मनी विक - २०२४' मनाइएको छ।

नेपाल राष्ट्र बैंकको संयोजनमा २०८० चैत ५-११ (मार्च १८-२६, २०२४) मा विभिन्न वित्तीय चेतनामूलक कार्यक्रमको आयोजना गरी साताव्यापी रूपमा ग्लोबल मनी विक मनाइएको हो। हरेक वर्ष मार्च महिनामा साताव्यापी रूपमा मनाइने ग्लोबल मनी विकको यो बाह्रौं संस्करण हो। राष्ट्र बैंकको अगुवाइमा बैंक तथा वित्तीय संस्था, वित्तीय क्षेत्रका अन्य नियामक निकाय तथा संघ/संस्थाको सहभागितामा मुलुकभर विभिन्न वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन भएका छन्।

उक्त अभियानको पहिलो दिन नेपाल राष्ट्र बैंकले नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड र सहकारी विभागसँगको सहकार्यमा ग्लोबल मनी विकको उद्घाटन कार्यक्रम आयोजना गऱ्यो। उक्त कार्यक्रममा काठमाडौंस्थित विभिन्न सात वटा विद्यालयका कक्षा ७ देखि १२ मा अध्ययनरत पाँच सयभन्दा बढी विद्यार्थीको सहभागिता रहेको थियो।

गभर्नर महाप्रसाद अधिकारीले कार्यक्रमको उद्घाटन गर्नुभयो। सो अवसरमा उहाँले वित्तीय समावेशीकरणको लक्ष्य प्राप्तिका लागि वित्तीय साक्षरतालाई प्रभावकारी तुल्याउनुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो। वित्तीय साक्षरताको प्रवर्द्धनबाट मात्रै वित्तीय समावेशीकरण हासिल गर्न सकिने गभर्नर अधिकारीको भनाइ थियो। उहाँले भन्नुभयो, "राज्यका सबै तहका व्यक्तिसम्म वित्तीय सेवा नपुग्दासम्म वित्तीय समावेशीकरणको लक्ष्यमा पुग्न सकिँदैन। वित्तीय साक्षरता त्यसको एउटा अभिन्न पक्ष हो।"

ग्लोबल मनी विकको साताव्यापी अभियानलाई सफल तुल्याउन बालबालिका र युवालक्षित चेतनामूलक कार्यक्रम सञ्चालन गर्न उहाँले सबै सरोकारवाला निकायलाई आग्रह गर्नुभयो। सानै उमेरदेखि नै बचतको अभ्यासलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै गभर्नर अधिकारीले आफ्नो सुरक्षित वित्तीय भविष्यको निम्ति जागरुक रहन विद्यार्थीहरूलाई आग्रह गर्नुभयो। कार्यक्रमको उद्घाटन सत्रमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्र, नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी, सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेसँगै राष्ट्र बैंक र वित्तीय क्षेत्रका अन्य नियामक निकायका उच्च अधिकारी तथा बैंकरहरूको उपस्थिति थियो।

कार्यक्रमको दोस्रो सत्रमा नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, बीमा प्राधिकरण, सहकारी विभाग, बैंकर्स एसोसिएसनका अधिकारी र विद्यार्थीहरूको सहभागितामा प्यानल छलफल भएको थियो। सो अवसरमा राष्ट्र बैंकका कार्यकारी निर्देशक देवकुमार ढकाल, धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी, बीमा प्राधिकरणका निर्देशक कमलप्रसाद रेग्मी, सहकारी विभागका उप-रजिष्ट्रार टोलराज उपाध्याय र नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सुनिल केसीले आ-आफ्ना निकायको कार्य क्षेत्र र कामकारबाहीसँग सम्बन्धित विषयमा विद्यार्थीलाई जानकारी दिनुभयो। त्यस क्रममा उहाँहरूले विद्यार्थीले राखेका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो। नेपाल राष्ट्र बैंक, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका निर्देशक किरण पण्डितले प्यानल छलफलको सहजीकरण गर्नुभएको थियो। प्यानल छलफलपश्चात् कार्यक्रममा सहभागी विद्यालयका तर्फबाट विद्यार्थीहरूले वित्तीय सेवासँग सम्बन्धित विषयमा विभिन्न प्रस्तुति दिएका थिए।



सोही सिलसिलामा वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले काठमाडौं उपत्यकाका विभिन्न स्कुल र कलेजका विद्यार्थीलाई लक्षित गर्दै विभिन्न कार्यक्रम आयोजना गऱ्यो। यस क्रममा, चैत ६ गते कीर्तिपुरको मङ्गल माध्यमिक विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा विद्यालयका १२६ विद्यार्थीको सहभागिता थियो। यस्तै, चैत ७ गते ललितपुर, लुभुस्थित महालक्ष्मी माध्यमिक विद्यालयमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना भयो। कार्यक्रममा विद्यालयका १४२ जना विद्यार्थीको सहभागिता थियो।

सोही अभियानअन्तर्गत चैत ८ गते भक्तपुरको ख्वप: र बागेश्वरी कलेजका ४० जना विद्यार्थी र चैत १६ गते काठमाडौंको प्रेसिडेन्सी कलेजका २० जना विद्यार्थीलाई नेपाल राष्ट्र बैंकको अवलोकन भ्रमण गराई मुद्रा व्यवस्थापन विभाग र बैंकिङ विभागबाट हुने कामकारबाहीबारे जानकारी दिइएको थियो। साथै, चैत ९ गते काठमाडौंको महेन्द्र माध्यमिक विद्यालयका ३७ जना विद्यार्थीलाई बैंकको टक्सार महाशाखामा अवलोकन भ्रमण गराई त्यहाँबाट हुने कामकारबाहीबारे जानकारी दिइएको थियो।

'ग्लोबल मनी विक' मूलत: किशोर तथा युवामा वित्तीय शिक्षाको महत्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो। अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एण्ड डेभलपमेन्ट (ओईसीडी) को संयोजनमा सन् २०१२ देखि प्रत्येक वर्ष विश्वव्यापी रूपमा यो अभियान सञ्चालन हुँदै आएको छ। राष्ट्र बैंकको संयोजनमा सन् २०१३ देखि नेपालमा ग्लोबल मनी विक मनाउँदै आइएको छ। ग्लोबल मनी विकको स्थायी नारा 'Learn.Save.Earn.' तय गरिएको छ।






## प्रदेशस्थित कार्यालयद्वारा विभिन्न कार्यक्रम आयोजना

'ग्लोबल मनी विक - २०२४' को अवसरमा बैंकको प्रदेशस्थित कार्यालयको आयोजनामा विभिन्न वित्तीय चेतनामूलक कार्यक्रम सम्पन्न भएका छन् ।

यसै अवसरमा विराटनगर कार्यालयले चैत ५ गते विराटनगर महानगरपालिकास्थित माध्यमिक विद्यालयका विद्यार्थीको सहभागितामा निबन्ध प्रतियोगिता सञ्चालन गऱ्यो । साथै, कार्यालयले चैत ६ गते सुनसरी, भुटाहास्थित बालकृष्ण मावि र चैत ८ गते कटहरीस्थित जनता माविका कक्षा ११ र १२ का विद्यार्थीको सहभागितामा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो । यस्तै, विराटनगरस्थित सत्यनारायण माविमा कक्षा ११ मा अध्ययनरत ५० जना विद्यार्थीलाई कार्यालयको अवलोकन भ्रमणसमेत गराइएको थियो ।

ग्लोबल मनी विकको अवसरमा जनकपुर कार्यालयले चैत ६ गते वित्तीय चेतनामूलक प्रभातफेरि कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा जनकपुर कार्यालयसँगै बैंक तथा वित्तीय संस्थाका कर्मचारी, विद्यार्थी र अन्य सरोकारवालासहित करिब ३०० जनाको सहभागिता थियो । कार्यक्रमको दोस्रो सत्रमा विद्यार्थीहरूलाई जनकपुर कार्यालयको अवलोकन भ्रमण गराइएको थियो ।

यसै गरी, वीरगञ्ज कार्यालयले चैत ६ गते वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको प्रमुख आतिथ्यमा चेतनामूलक प्रभातफेरि कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा विभिन्न बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, सहकारी संस्थालगायतका करिब ४०० जना कर्मचारीको सहभागिता थियो । सोही दिन वीरगञ्जस्थित विभिन्न चार वटा कलेजका सय जना छात्रछात्रालाई कार्यालयको अवलोकन भ्रमण गराइएको थियो । सोही अवसरमा वीरगञ्ज कार्यालयले चैत ८ गते रौतहटको गौरस्थित गौरीशङ्कर रौतहट क्याम्पसमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो ।

ग्लोबल मनी विकको साताव्यापी अभियानअन्तर्गत पोखरा कार्यालयले चैत ५ गते लर्नर्स एकेडेमीका छात्रछात्रालाई कार्यालयको अवलोकन भ्रमण गराई त्यहाँको कामकारबाहीबारे जानकारी गराएको थियो । कार्यालयले बचतको महत्व सिकाउने उद्देश्यले विभिन्न विद्यालयका प्राथमिक तहका विद्यार्थीलाई खुत्रुके वितरण गरेको थियो । यसै गरी, कार्यालयले कास्कीस्थित व्यवस्थापन सङ्कायतर्फ स्नातक तहका विद्यार्थीको सहभागितामा हाजिरी जवाफ र कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीको सहभागितामा 'उद्यमशीलतामा वित्तीय क्षेत्रले खेलेको भूमिका' विषयमा निबन्ध लेखन प्रतियोगिता सञ्चालन गरेको थियो ।

यसै गरी, ग्लोबल मनी विकका अवसरमा सिद्धार्थनगर कार्यालयले चैत ६ गते बैंक तथा वित्तीय संस्थाका कर्मचारी र सञ्चारकर्मीसहित करिब ८०० जनाको सहभागितामा वित्तीय चेतनामूलक प्रभातफेरि कार्यक्रम आयोजना गऱ्यो । चैत ७ गते काशी नोबल एकेडेमी र जेसिस बोर्डिङ स्कुलका कक्षा ११ र १२ मा अध्ययनरत ३० जना विद्यार्थीलाई कार्यालयको अवलोकन भ्रमण गराई वित्तीय साक्षरताका विविध पक्षबारे जानकारी गराइएको थियो । सोही अवसरमा कार्यालयले नवलपरासीको पाल्हीनन्दनस्थित राजनारायण मावि र हरपुर माविका शिक्षक र विद्यार्थीको सहभागितामा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो ।

नेपालगञ्ज कार्यालयले चैत ६ गते विद्यार्थीलक्षित वित्तीय चेतनामूलक कार्यक्रम आयोजना गऱ्यो । नेपालगञ्जस्थित मङ्गल मावि, नारायण मावि, महेन्द्र मावि र सरस्वती माविका शिक्षक, विद्यार्थीको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा सहभागीलाई वित्तीय प्रणाली र वित्तीय सेवाका आधारभूत पक्षबारे जानकारी दिइएको थियो ।

ग्लोबल मनी विककै अवसरमा सुर्खेत कार्यालयले चैत ६ गते वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो । बीमा प्राधिकरण, धितोपत्र बोर्ड र बैंक तथा वित्तीय संस्थाको सहकार्यमा आयोजित कार्यक्रममा साहारा क्याम्पस, कृष्ण संस्कृत तथा साधारण मावि, चिल्ड्रेन्स प्याराडाइज मावि, इगरब्रिज माविका विद्यार्थी र सञ्चारकर्मीसहित करिब १८०















जनाको सहभागिता थियो। सो अवसरमा सहभागीलाई बैंकिङ, बीमा र पुँजी बजारका आधारभूत समसामयिक पक्षबारे जानकारी गराइएको थियो।

यसै गरी, धनगढी कार्यालयद्वारा चैत ६ गते धनगढी मोडल प्राविधिक विद्यालयका छात्रछात्रालाई कार्यालयको अवलोकन भ्रमण गराई वित्तीय प्रणाली र कार्यालयका कामकारबाहीबारे जानकारी दिइएको थियो। साथै, चैत ८ गते स्थानीय शारदा मावि, मञ्चोदय मावि, जनता माविका छात्रछात्राको सहभागितामा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरिएको थियो। सो अवसरमा सहभागीलाई बैंकिङ, बीमा र पुँजी बजारका विविध पक्षबारे जानकारी दिइएको थियो। ■



# आन्तरिक तथा बाह्य लेखापरीक्षणसम्बन्धी गोष्ठी सम्पन्न




आन्तरिक लेखापरीक्षण विभागले चैत २ गते काठमाडौंमा आन्तरिक तथा बाह्य लेखापरीक्षणसम्बन्धी गोष्ठी आयोजना गर्‍यो। गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले उक्त गोष्ठी आयोजना गरेको हो।

सो अवसरमा गभर्नर अधिकारीले बैंकको संस्थागत सुशासन सुदृढ हुनुपर्ने उल्लेख गर्दै सुशासन प्रवर्द्धन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको सबलीकरणका निम्ति आन्तरिक लेखापरीक्षण विभागको भूमिका महत्त्वपूर्ण हुने धारणा राख्नुभयो। बैंकको कार्यसम्पादनमा खराब नियत राखेर कुनै काम नगराउन उहाँले निर्देशन दिनुभयो। उहाँले भन्नुभयो, "असल मनसायले काम गर्दा हुने गल्तीलाई सुधार गर्न सकिने ठाउँ रहन्छ। तर खराब नियतका कारण गरिने गल्तीमा भने कारबाहीको भागिदार हुनैपर्छ।" संस्थागत सुशासन प्रवर्द्धनका लागि उच्च मनोबलका साथ कार्यसम्पादन गर्न समेत गभर्नर अधिकारीले निर्देशन दिनुभयो।

कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्रले अन्तरक्रिया सत्रको सहजीकरण गर्दै बैंकभित्रका आन्तरिक समस्याको समाधान सँगै समग्र कार्यसम्पादनमा सुधार ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो। यसै गरी, बैंकका सञ्चालक एवम् लेखापरीक्षण समितिका संयोजक डा. शङ्करप्रसाद आचार्यले साना कैफियतहरू पटकपटक दोहोरिएको उल्लेख गर्दै त्यस्ता कैफियत नआउने गरी कार्यसम्पादन गर्न सजग गराउनुभयो। लेखापरीक्षण समितिका सदस्य रामुप्रसाद डोटेलले सूचना प्रविधिका क्षेत्रमा भइरहेका परिवर्तनलाई आत्मसात् गर्दै सोअनुरूप आन्तरिक लेखापरीक्षण प्रक्रियामा सुधार गर्दै लैजानुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक विमलराज खनालले आर्थिक वर्ष २०७९/८० को आन्तरिक लेखापरीक्षणका क्रममा देखिएका कैफियतको सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै सूचना प्रविधि, लेखाङ्कनजस्ता विषयका कैफियत सुधारको आवश्यकता औँल्याउनुभयो। निर्देशक विना ढकाल पौडेलले विभागले तयार गरेको 'Internal Control Operation Manual' को मस्यौदा सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रममा विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक, निर्देशकसहित प्रदेशस्थित कार्यालयका प्रमुखहरूको सहभागिता थियो। सो अवसरमा विभागका निर्देशक डिलाराम सुवेदीले स्वागत मन्तव्य राख्दै गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक एन्जिला घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रणसम्बन्धी अन्तरक्रिया



लघुवित्त संस्था सुपरिवेक्षण विभागले चैत २५ गते जनकपुरमा लघुवित्त वित्तीय संस्थाको संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा गभर्नर अधिकारीले नेपालको अर्थतन्त्रमा लघुवित्त क्षेत्रको उल्लेख्य योगदान रहेको उल्लेख गर्दै जीवनस्तर सुधार, गरिबी न्यूनीकरण, स्वरोजगार सिर्जनामा टेवा पुगेको बताउनुभयो। केही स्वार्थ समूहबाट लघुवित्त क्षेत्रलाई बदनाम गर्ने प्रयास भइरहेको उहाँको भनाइ थियो। "वित्तीय सहयोग गर्ने संस्थाबाट कोही पनि पीडित हुन सक्दैन। केही समूहबाट यस क्षेत्रलाई बदनाम गर्ने कार्य भइरहेको छ

जुन निन्दनीय छ।" उहाँले भन्नुभयो।

लघुवित्त संस्था नाफामुखी व्यवसाय नरहेको उल्लेख गर्दै गभर्नर अधिकारीले यसका प्रवर्द्धकले लघुवित्तको सामाजिक व्यवसायको मर्म र भावनालाई भुल्न नहुने धारणा राख्नुभयो। लघुवित्त क्षेत्रबारे राष्ट्र बैंकबाट भएको अध्ययनका सुझावलाई क्रमिक रूपमा कार्यान्वयन गर्दै लगिने जानकारी उहाँले दिनुभयो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले कर्जा प्रवाहका क्रममा लघुवित्त संस्थाले न्यून आय भएका वर्गलाई छाडेर 'सुकिला मुकिला' ग्राहकलाई रोज्न थालेका कारण ती संस्थामा समस्या देखिएको टिप्पणी गर्नुभयो। संस्थाको नीति निर्माण गरी लागू गर्ने, आन्तरिक नियन्त्रणलाई सबल बनाउने, मूल्याङ्कन र सुझाव प्रस्तुत गर्ने मूल जिम्मेवारीलाई छाडेर सञ्चालक समितिबाट दैनिक क्रियाकलापमा बढ्दै गएका कारण लघुवित्त क्षेत्रमा समस्या बढेको उहाँको धारणा थियो।

कार्यक्रममा निर्देशक चेतप्रसाद उप्रेतीले 'संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। जनकपुर कार्यालयका निर्देशक माधव दंगालले लघुवित्त अर्थतन्त्रको महत्त्वपूर्ण क्षेत्र रहेको उल्लेख गर्दै लघुवित्त संस्थामा देखिएको संस्थागत सुशासनको अवस्थालाई सुधार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

सो अवसरमा लघुवित्त वित्तीय संस्थाका अध्यक्ष र सञ्चालकहरूको सहभागिता थियो। विभागका उप-निर्देशक भुवानीप्रसाद गौतमले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# NRB-ADBI-APAEA Joint Workshop काठमाडौँमा सम्पन्न




आर्थिक अनुसन्धान विभागले चैत १६ गते काठमाडौँमा '1st NRB-ADBI-APAEA Joint Workshop on Monetary Policy and Central Banking Issues in Asia and the Pacific' आयोजना गर्‍यो।

Asian Development Bank Institute (ADBI) र Asia-Pacific Applied Economics Association (APAEA) सँगको सहकार्यमा विभागले उक्त कार्यशाला आयोजना गरेको हो। गभर्नर महाप्रसाद अधिकारीले कार्यशालाको उद्घाटन गर्नुभयो।

कार्यशालालाई सम्बोधन गर्दै गभर्नर अधिकारीले समष्टिगत आर्थिक स्थायित्वमा केन्द्रीय बैंकको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै अर्थतन्त्रको परिवर्तनशील अवस्था, अर्थतन्त्रका अनिश्चितता जस्ता विद्यमान चुनौतीलाई सम्बोधन गर्न केन्द्रीय बैंकले अग्रसरता लिनुपर्ने आवश्यकतामा जोड दिनुभयो। उहाँले भन्नुभयो, "नेपालजस्तो विकासोन्मुख मुलुकको अर्थतन्त्रमा आन्तरिक र बाह्य दुवै कारणले अनिश्चितता देखिन सक्छ। त्यसलाई सम्बोधन गर्नकै लागि केन्द्रीय बैंकलाई मौद्रिक अधिकारी, वित्तीय क्षेत्रको अभिभावकीय जिम्मेवारी, नीतिगत 'थिङ्क टयाङ्क' को रूपमा अर्थतन्त्रलाई सही दिशामा अग्रसर गराउने जिम्मेवारी दिइएको हुन्छ।"

कार्यशालालाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै एडीबीआईका डीन तेत्सुसी सोनोबेले नेपालको मौद्रिक नीतिसम्बन्धी अनुसन्धान र समष्टिगत आर्थिक नीति तर्जुमाको निम्ति क्षमता अभिवृद्धिमा उक्त कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा एडीबीआईका भाइस चेयर अफ रिसर्च दिल राहुतले विकासोन्मुख मुलुकमा मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण रहेको उल्लेख गर्दै नेपालमा मौद्रिक नीतिसम्बन्धी तर्जुमा र सोसम्बन्धी अनुसन्धानमा सहयोग गर्न एडीबीआई तत्पर रहेको धारणा राख्नुभयो। कार्यक्रममा APAEA का अध्यक्ष प्रा. परेशकुमार नारायणले केन्द्रीय बैंकको क्षमता विकासमा उक्त संस्थाबाट भएका प्रयासबारे जानकारी दिनुभयो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले स्वागत मन्तव्य राख्दै उक्त कार्यशालाको औचित्यबारे जानकारी दिनुभयो भने सहायक निर्देशक सुनिता पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। कार्यशालाको मूल सत्रमा विप्रेषण, विनिमय दर पद्धति, सार्वजनिक ऋण, समष्टिगत वित्तीय नीतिसहित वित्तीय क्षेत्रका समसामयिक विषयमा बैंकका तर्फबाट तीन र एडीबीआईका तर्फबाट तीन गरी कुल छ वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। सत्रको अन्त्यमा नेपाल राष्ट्र बैंकका दुई कर्मचारीले अध्ययनका क्रममा रहेका दुईवटा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले समापन मन्तव्य राख्नुभएको थियो।

केन्द्रीय बैंकिङका उदीयमान चुनौती र मौद्रिक तथा वित्त नीतिको प्रभावकारिताको मूल्याङ्कन गर्ने, विकासोन्मुख एसियामा वित्तीय स्थायित्व र सुशासन प्रवर्द्धनका निम्ति केन्द्रीय बैंकका प्रभावकारी सुपरिवेक्षकीय अभ्यास पहिल्याउने लगायतका उद्देश्यका साथ उक्त कार्यशाला आयोजना गरिएको थियो। ■

# एआईआईबी र नेपाल राष्ट्र बैंकका अधिकारीहरूबीच भेटवार्ता




नेपाल भ्रमणमा आएको एसियन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैंक (एआईआईबी) को टोली र नेपाल राष्ट्र बैंकका उच्च अधिकारीहरूबीच चैत १३ गते भेटवार्ता भएको छ ।

एआईआईबी सञ्चालक समितिका सदस्य आर.एम.पी. रथनायकेको नेतृत्वको उक्त टोलीले गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नर बमबहादुर मिश्र र बैंकका अन्य अधिकारीहरूसँग भेटवार्ता गरेको हो । भेटका अवसरमा गभर्नर अधिकारीले नेपालको कुल गार्हस्थ्य उत्पादन, मुद्रास्फीति, विदेशी विनिमय सञ्चिति, बाह्य क्षेत्रलगायत मुलुकको वर्तमान आर्थिक स्थितिबारे चर्चा गर्नुभयो । नेपाल राष्ट्र बैंकको प्रभावकारी नियमन र सुपरिवेक्षणका कारण नेपालको वित्तीय क्षेत्रको समग्र अवस्था सन्तोषजनक रहेको धारणा उहाँले राख्नुभयो ।

साथै, नेपालमा वैदेशिक लगानीको निम्ति वातावरण सहज रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले लगानी स्वीकृति प्रक्रिया र संस्थागत व्यवस्थाबारे भ्रमण टोलीलाई जानकारी गराउनुभयो । नेपालको पूर्वाधार विकासको लागि आन्तरिक स्रोत अपुग रहेको उल्लेख गर्दै उहाँले एआईआईबी जस्ता संस्थाले जलविद्युत्, प्रसारण लाइनलगायतका पूर्वाधार क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

भेटका अवसरमा एआईआईबीको टोली प्रमुख रथनायकेसहित अन्य सदस्यहरूले नेपालमा वैदेशिक लगानीको लागि नीतिगत व्यवस्था, एआईआईबीले लगानी गर्नसक्ने पूर्वाधार क्षेत्र, ऋण स्वीकृति प्रक्रिया र ऋणको ब्याजदरलगायतका विषयमा चासो राख्नुभयो । साथै, उहाँहरूले नेपालमा जलवायु परिवर्तनका कारण सिर्जित चुनौतीलाई सम्बोधन गर्नका निम्ति भएका नीतिगत प्रयासबारे जिज्ञासा राख्नुभयो । कार्यक्रममा नेपालको विकासका प्राथमिकता, पूर्वाधार विकासमा लगानीका अवसरलगायतका विभिन्न विषयमा दुईपक्षीय छलफल भएको थियो ।

भेटवार्तामा नेपाल राष्ट्र बैंकको तर्फबाट कार्यकारी निर्देशकहरू डा. नेफिल मातङ्गि मास्के, डा. गुणाकर भट्ट, डा. प्रकाशकुमार श्रेष्ठ, गुरुप्रसाद पौडेललगायतका अधिकारीको उपस्थिति थियो । मूलत: एसियाली र अन्य सदस्य मुलुकको दिगो र हरित पूर्वाधार विकासमा लगानी प्रवर्द्धन गर्ने उद्देश्यसहित सन् २०१६ मा एआईआईबीको स्थापना भएको हो । यसको मुख्यालय चीनको बेइजिङमा रहेको छ । ■

# बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुनसम्बन्धी अन्तरक्रिया



कानुन महाशाखाले चैत १६ गते 'नेपाल राष्ट्र बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुन' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नर बमबहादुर मिश्र र सूचना आयुक्त रत्नप्रसाद मैनालीको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा गभर्नर अधिकारीले सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनका निम्ति राष्ट्र बैंकबाट भएका प्रयासबारे चर्चा गर्नुभयो । बैंकको पारदर्शिता र सुशासन प्रवर्द्धनमा सूचनाको हकको कार्यान्वयन पक्ष महत्वपूर्ण रहेको उहाँको धारणा थियो । वित्तीय क्षेत्रको सबलीकरणका निम्ति बैंकिङ तथा वित्तीय सेवासँग सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने आवश्यकतामा गभर्नर अधिकारीले जोड दिनुभयो ।

सो अवसरमा सूचना आयुक्त मैनालीले 'सूचनाको हक: कानुनी व्यवस्था, अवस्था र अभ्यास' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले सूचनाको हकको सैद्धान्तिक पक्ष, नेपालमा यसको संवैधानिक र कानुनी व्यवस्था, नेपालमा सूचनाको हकको कार्यान्वयन स्थिति, यसको कार्यान्वयनमा राष्ट्र बैंकको दायित्वलगायतका विषयमा प्रकाश पार्नुभयो ।

सो अवसरमा उप-निर्देशक सुमन आचार्यले 'नेपाल राष्ट्र बैंकबाट गरिने नियमन र नियामकीय कारवाही सम्बन्धी व्यवस्था तथा सोका कार्यान्वयनमा देखापरेका समस्या' र उप-निर्देशक जुगलकिशोर कुशवाहाले 'बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुन: आधारभूत अवधारणा र विवेचना' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो ।

सो अवसरमा डेपुटी गभर्नर बमबहादुर मिश्रले कार्यक्रमको सहजीकरण गर्दै समापन मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा उपत्यकास्थित विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरूको सहभागिता थियो ।

कार्यक्रममा निर्देशक दीपकराज लामिछानेले स्वागत मन्तव्य राख्दै अन्तरक्रिया कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो भने सहायक निर्देशक स्वेच्छा घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रम सम्पन्न

आर्थिक अनुसन्धान विभागले चैत महिनामा बागमती, गण्डकी र कोशी प्रदेशमा पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

चैत १ गते धुलिखेल, चैत ८ गते पोखरा र चैत २७ गते विराटनगरमा उक्त कार्यक्रम आयोजना गरिएको हो । पोखरामा गभर्नर महाप्रसाद अधिकारी तथा विराटनगर र धुलिखेलमा क्रमश: डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा विभागले पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।




धुलिखेल र पोखरामा आयोजित कार्यक्रममा आयोजक विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले मुलुकको समग्र अर्थतन्त्रसँगै बागमती र गण्डकी प्रदेशका आर्थिक गतिविधिलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । यसैगरी, विराटनरमा आयोजित कार्यक्रममा निर्देशक डा. राजनकृष्ण पन्तले कोशी प्रदेशको आर्थिक गतिविधिसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

तीन वटै कार्यक्रममा उद्योगी/व्यवसायी, सरकारी निकायका प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, अर्थशास्त्री, प्राध्यापक, बुद्धिजीवी, कृषक, सञ्चारकर्मी र अन्य सरोकारवालाको सहभागिता थियो । कार्यक्रममा सहभागीका तर्फबाट मुलुकको अर्थतन्त्रलाई थप गतिशील बनाउन विभिन्न राय/सुझाव प्रस्तुत गरिएको थियो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा राष्ट्र बैंकले प्रत्येक वर्ष आर्थिक तथा वित्तीय विषयमा नेपाल सरकारसमक्ष पूर्व बजेटकालीन समीक्षा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमा हुनुपूर्व सोही समीक्षाको निम्ति सुझाव सङ्कलन गर्ने उद्देश्यले सरोकारवालाको उपस्थितिमा पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । ■

# आर्थिक पत्रकारको निम्ति अभिमुखीकरण कार्यक्रम

बैंकर्स प्रशिक्षण केन्द्रले चैत १५ र १६ गते काभ्रेको धुलिखेलमा आर्थिक पत्रकारहरूको निम्ति 'समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अभिमुखीकरण कार्यक्रम' आयोजना गऱ्यो ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)मा आबद्ध पत्रकारहरूको सहभागितामा केन्द्रले उक्त कार्यक्रम आयोजना गरेको हो । उक्त कार्यक्रममा उद्घाटन मन्तव्य राख्दै गभर्नर महाप्रसाद अधिकारीले आर्थिक तथा वित्तीय क्षेत्रका सही सूचना र जानकारी सर्वसाधारणमाझ पुऱ्याउनका निम्ति आर्थिक पत्रकारहरूको भूमिका महत्त्वपूर्ण हुने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "अहिले सूचना र तथ्याङ्को पहुँच पहिलेभन्दा धेरै छ । त्यस्ता सूचनालाई सर्वसाधारणले बुझ्ने गरी सरल ढङ्गले पस्कने दायित्व चाहिँ आर्थिक पत्रकारहरूको हो ।" पत्रकारहरूको वित्तीय क्षेत्रसँग सम्बन्धित विषयको ज्ञान, सीप र क्षमता अभिवृद्धिमा उक्त कार्यक्रम फलदायी रहने विश्वास उहाँले व्यक्त गर्नुभयो ।



आठ वटा सत्रमा सञ्चालित उक्त अभिमुखीकरण कार्यक्रममा सेजनका पदाधिकारीसहित ३१ जना पत्रकारको सहभागिता थियो । सो अवसरमा बैंकभित्र र बाहिरका आठ जना विज्ञ प्रशिक्षकले समसामयिक आर्थिक तथा बैंकिङ विषय र बैंक तथा वित्तीय क्षेत्रका कामकारवाहीसँग सम्बन्धित विषयमा आर्थिक पत्रकारहरूलाई प्रशिक्षण दिनुभयो ।

कार्यक्रममा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले नेपालको वित्तीय प्रणाली र राष्ट्र बैंकको सञ्चार संयन्त्र र आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले मौद्रिक क्षेत्रका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले राष्ट्र बैंकको नियामकीय र सुपरिवेक्षकीय भूमिका र सोही विभागका निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले मुद्रास्फीति र यसको मापनबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

यसै गरी, भुक्तानी प्रणाली विभागका निर्देशक कृष्णराम धुजुले भुक्तानी प्रणाली र विद्युतीय भुक्तानी तथा आर्थिक अनुसन्धान विभागका उप-निर्देशक मेदनीप्रसाद पोखरेलले अर्थतन्त्र र बाह्य क्षेत्रका सम्बन्धबारे जानकारी दिनुभयो । बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक अभियान उपाध्यायले सम्पत्ति शुद्धीकरण निवारण र चार्टर्ड एकाउन्टेन्ट अरुण राउतले बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरणका सम्बन्धमा प्रस्तुति दिनुभएको थियो । ■

# साइकोमेट्रिक स्कोरिङ सोलुसन हस्तान्तरण

अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) को प्राविधिक सहयोगमा तयार भएको 'साइकोमेट्रिक स्कोरिङ सोलुसन' कर्जा सूचना केन्द्र लिमिटेडलाई हस्तान्तरण गरिएको छ ।

चैत ८ गते काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच नेपालका निम्ति आईएफसीका आवासीय प्रतिनिधि बाबाकर सेदिख फायेले केन्द्रका प्रमुख कार्यकारी अधिकृत अनिलचन्द्र अधिकारीलाई उक्त प्रणाली हस्तान्तरण गर्नुभयो ।




नयाँ ऋणीको व्यवहार र कर्जा भुक्तानी क्षमताको मनोवैज्ञानिक परीक्षण गर्ने उद्देश्यका साथ उक्त प्रणाली तयार गरिएको हो । यस प्रणालीबाट विगतमा कर्जा नलिएका र विनाधितो सानो आकारका कर्जा लिन चाहने ऋणीको मनोवैज्ञानिक परीक्षण गरिनेछ । यस प्रणालीअन्तर्गत सम्भावित ऋणीका मनोवैज्ञानिक परीक्षणका निम्ति विभिन्न प्रश्नावली तयार गरिनेछ । सोही परीक्षणमार्फत ऋणीको जोखिम प्रोफाइल बन्ने र सोको तथ्याङ्कीय विश्लेषणका आधारमा कर्जाप्रवाह गर्न बैंक तथा वित्तीय संस्थालाई सहज हुने अपेक्षा गरिएको छ । यसको कार्यान्वयनसँगै नेपालमा वित्तीय समावेशीकरणको प्रवर्द्धनमा समेत सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

उक्त प्रणाली तयार गर्नका निम्ति नेपाल राष्ट्र बैंक र आईएफसीबीच २०७८ माघ १८ गते समझदारी भएको थियो । कृषि विकास बैंक र एनआईसी एसिया बैंक लिमिटेडमा साइकोमेट्रिक स्कोरिङ सोलुसन परियोजनाको पाइलट परीक्षण गरिएको थियो । उक्त प्रणाली पूर्ण कार्यान्वयनमा आएपश्चात् कर्जा सूचना केन्द्र लिमिटेडमार्फत यसको सञ्चालन र व्यवस्थापन हुने जनाइएको छ ।

कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्रले उक्त प्रणालीको कार्यान्वयनबाट नयाँ ऋणीको मूल्याङ्कन प्रक्रिया प्रविधिमैत्री हुने उल्लेख गर्दै यसले कर्जाप्रवाह प्रक्रियालाई सरल र सहज बनाउने विश्वास व्यक्त गर्नुभयो । केन्द्रका प्रमुख कार्यकारी अधिकृत अधिकारीले विनाधितो प्रवाह गरिने कर्जाको जोखिम न्यूनीकरणमा उक्त संयन्त्र महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल र नेपाल, बङ्गलादेश र भुटानका निम्ति आईएफसीका कन्ट्री म्यानेजर मार्टिन हल्टम्यानले स्वागत मन्तव्य राख्दै साइकोमेट्रिक स्कोरिङ सोलुसनका विविध पक्षबारे चर्चा गर्नुभएको थियो । ■

# पोखरामा विदेशी विनिमय कारोबार र सम्पत्ति शुद्धीकरणसम्बन्धी अन्तरक्रिया

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले चैत १२ गते पोखरामा मनिचेञ्जर कम्पनीले राष्ट्र बैंकमा गर्नुपर्ने विदेशी विनिमय कारोबारको रिपोर्टिङ र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।



पोखरा कार्यालयको समन्वयमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रमको पहिलो सत्रमा विभागका उप-निर्देशक मनोज पोखरेलले विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त मनिचेञ्जर कम्पनीले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो भने दोस्रो सत्रमा सहायक निर्देशक निशान हिताङले विदेशी विनिमय कारोबारका निम्ति बैंकले लागू गरेको FXOL System मा गर्नुपर्ने रिपोर्टिङ तथा goAML System मा लगइन प्रक्रियाबारे प्रशिक्षण दिनुभयो ।

सो अवसरमा पोखरा कार्यालयका निर्देशक आर्या जोशीले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी विषयलाई गम्भीर रूपमा लिन सबै सरोकारवाला निकायका प्रतिनिधिलाई आग्रह गर्नुभयो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धरले राष्ट्र बैंकबाट जारी भएका परिपत्र र नियामकीय निर्देशनको पालना गर्दै विदेशी विनिमय कारोबारको नियमित रिपोर्टिङ गर्न सहभागीलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा पोखरा कार्यालयका कर्मचारीसँगै पोखरास्थित मनिचेञ्जर कम्पनीका सञ्चालकहरूको सहभागिता थियो । सो अवसरमा विभागका उप-निर्देशक मधुसूदन दवाडीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक सुरेन्द्र केसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# आरटीजीएससम्बन्धी समझदारी

नेपाल राष्ट्र बैंक र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबीच 'डेब्ट अपरेसन म्यानेजमेन्ट सिस्टम(डोम्स) लाई रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस)सँग आबद्ध गर्ने सम्बन्धमा समझदारी भएको छ।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख दीर्घराज मैनालीको उपस्थितिमा चैत १५ गते आयोजित कार्यक्रममा उक्त समझदारी भएको हो। समझदारीपत्रमा विभागका तर्फबाट निर्देशक लक्ष्मीप्रसाद प्रसाई र कार्यालयका उपसचिव प्रकाश पुडासैनीले हस्ताक्षर गर्नुभयो। समझदारीसँगै सार्वजनिक ऋण व्यवस्थापन कार्यालय आरटीजीएस प्रणालीको विशेष सदस्य बनेको छ।



राष्ट्र ऋण व्यवस्थापनका लागि कार्यालयले प्रयोगमा ल्याएको डोम्सलाई राष्ट्र बैंकद्वारा सञ्चालित आरटीजीएस प्रणालीमा आबद्ध गरेपश्चात् ऋणपत्र कारोबारको भुक्तानी प्रक्रिया स्वचालित हुने, सूचना प्रणाली थप परिस्कृत हुने, कारोबारको फर्छ्योटका सम्भावित जोखिम न्यूनीकरण हुने, तरलता व्यवस्थापनसम्बन्धी कार्य प्रभावकारी हुने, ऋणपत्रको कारोबार छरितो र प्रभावकारी हुने अपेक्षा गरिएको छ। ■

# वित्तीय संस्थाको सुपरिवेक्षणसम्बन्धी गोष्ठी सम्पन्न

वित्तीय संस्था सुपरिवेक्षण विभागले फागुन ११ गते जोखिममा आधारित सुपरिवेक्षण, CAMELS/CAELS Rating र प्रतिवेदन लेखनसम्बन्धी कार्यशाला गोष्ठी आयोजना गऱ्यो।

सो अवसरमा विभागका सहायक निर्देशक अपिल सुवेदीले जोखिममा आधारित लेखापरीक्षण र CAMELS/CAELS Rating विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले जोखिम प्रोफाइल तयार गर्ने र CAMELS/CAELS Rating मापनका मापदण्डबारे चर्चा गर्नुभयो। यसै गरी, विभागका उप-निर्देशक राजु पौडेलले सुपरिवेक्षकीय प्रतिवेदन लेखनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै वित्तीय संस्थाको स्थलगत निरीक्षणपश्चात् तयार गरिने अनुपालना तथा जोखिममा आधारित प्रतिवेदनको लेखन शैली, ढाँचा, प्रतिवेदनको संरचना, कैफियत उठान गर्ने तरिका, प्रतिवेदन लेख्ने सिलसिलामा आइपर्ने कठिनाइ, स्थलगत निरीक्षणको पूर्वतयारीलगायतका विषयमा जानकारी दिनुभयो।



कार्यक्रममा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले वित्तीय संस्थाको समग्र जोखिम पहिचान गरी सुधारको लागि नियमन गर्न CAMELS Rating महत्वपूर्ण विधि रहेको उल्लेख गर्दै यसको मापन र गणना विधिबारे सबै कर्मचारी जानकार हुनुपर्ने धारणा राख्नुभयो। साथै, प्रतिवेदनका विषयवस्तु, ढाँचा, भाषा र प्रस्तुतिमा सुधार गर्दै जानुपर्ने र निरीक्षण प्रतिवेदनको कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकतासमेत उहाँले औंल्याउनुभयो।

कार्यक्रममा वित्तीय संस्था सुपरिवेक्षण विभागका कर्मचारीको सहभागिता थियो। सो अवसरमा निर्देशक राजनविक्रम थापाले स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक अनुज दाहालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो। सहायक निर्देशक निर्जल घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी अन्तरक्रिया



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले चैत २२ गते काठमाडौंमा वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

'ख' र 'ग' वर्गका वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, गुनासो सुन्ने अधिकारी र वित्तीय साक्षरतासम्बन्धी जिम्मेवारी हेरिरहेका अधिकृतहरूको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा कार्यालयका उप-निर्देशक वशिष्ठ अधिकारीले 'वित्तीय ग्राहक संरक्षण र गुनासो व्यवस्थापन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय ग्राहकका गुनासो व्यवस्थापनका सन्दर्भमा राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्था, गुनासो सुनुवाइ प्रक्रिया, बैंकमा प्राप्त हुने गुनासोको प्रकृति, यसमा देखिएका समस्या र चुनौतीबारे चर्चा गर्नुभयो । यसैगरी, सहायक निर्देशक विजयकृष्ण कुटुले वित्तीय साक्षरता सम्बन्धमा प्रस्तुति दिँदै 'वित्तीय साक्षरता मार्गदर्शन, २०७९' का मुख्य व्यवस्था र साक्षरता प्रवर्द्धनमा राष्ट्र बैंकबाट भएका प्रयास विषयमा जानकारी दिनुभयो ।

डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालका कोषाध्यक्ष दिनेश थकाली र नेपाल वित्तीय संस्था संघका अध्यक्ष सुनिल पन्तले वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन सम्बन्धमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले वित्तीय ग्राहक संरक्षण र वित्तीय साक्षरताको महत्वका विषयमा प्रकाश पार्नुभयो । नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनको अनुपालनबाट वित्तीय ग्राहकका गुनासो न्यूनीकरण हुने उल्लेख गर्दै उहाँले आफ्ना ग्राहकका गुनासाहरू सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाटै समाधान हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा महाशाखाका निर्देशक किरण पण्डितले अन्तरक्रिया सत्रको संयोजन गर्दै सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो भने गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले समापन मन्तव्य राख्नुभयो । कार्यक्रममा सहायक निर्देशक धनञ्जय पराजुलीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रतीक्षा रिजालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जनकपुरमा 'लेखा निर्देशिका, २०८०' विषयक अनुशिक्षण

वित्त व्यवस्थापन विभागले चैत ८ गते जनकपुरमा 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।




कार्यकारी निर्देशक रामु पौडेलको उपस्थितिमा विभागले उक्त अनुशिक्षण कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा कार्यकारी निर्देशक पौडेलले लेखा निर्देशिकामा रहेका व्यवस्थाबारे कर्मचारीलाई प्रशिक्षित तुल्याउन विभागले नियमित रूपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उक्त कार्यक्रमबाट बैंकमा हुने वित्तीय कारोबारको लेखाङ्कन र अभिलेखीकरणका निम्ति कर्मचारीमा ज्ञान, सीप र कुशलता अभिवृद्धि हुने विश्वास

उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा जनकपुर कार्यालयका निर्देशक अशोक घिमिरेले स्वागत मन्तव्य राख्दै कारोबारको लेखाङ्कन र अभिलेख व्यवस्थापनमा देखिएका व्यावहारिक कठिनाइको निरूपणका निम्ति उक्त कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो । निर्देशक रामप्रसाद गौतमको अध्यक्षतामा कार्यक्रमको व्यावसायिक सत्र सञ्चालन गरिएको थियो । लेखा निर्देशिका बैंकको महत्त्वपूर्ण दस्तावेज रहेको उल्लेख गर्दै लेखाङ्कन प्रक्रियामा उक्त निर्देशिका पालना गर्नुपर्ने आवश्यकतामा निर्देशक गौतमले जोड दिनुभयो ।

व्यावसायिक सत्रमा तीन वटा वार्ता प्रस्तुत गरिएको थियो । आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक एन्जिला घिमिरेले 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिकाबमोजिम बैंकको जीएल खातामा लेखाङ्कन गर्दा देखिएका कैफियत र त्यसको सुधारका उपाय'बारे कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले बैंकका विभाग/कार्यालयले खर्च तथा सम्पत्तिको लेखाङ्कनमा गर्ने गल्ती, स्वीकृत बजेटबमोजिम गर्नुपर्ने खर्चको स्थिति, सेटलमेन्ट खाताको हिसाबमिलानलगायतका विषयमा देखिने कैफियतबारे चर्चा गर्नुभयो । यसै गरी, वित्त व्यवस्थापन विभागका सहायक निर्देशक तृष्णा अधिकारीले निर्देशिकाको भाग १, २, ३ र ४ मा समावेश व्यवस्थाबारे दुई वटा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले वित्तीय संघीयताबमोजिमको सरकारी कारोबार र नेपाल वित्तीय प्रतिवेदनमानमा उल्लिखित व्यवस्थालाई समावेश गरी बैंकको लेखा निर्देशिका संशोधन गरिएको जानकारी दिनुभयो ।

कार्यक्रममा वित्त व्यवस्थापनसहित सूचना प्रविधि, आन्तरिक लेखापरीक्षण, विदेशी विनिमय व्यवस्थापन, मुद्रा व्यवस्थापन र बैंकिङ विभाग तथा विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा र सिद्धार्थनगर कार्यालयका २८ जना कर्मचारीको सहभागिता थियो । वित्त व्यवस्थापन विभागका उप-निर्देशक रामकाजी खाइजूले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# कानुन कार्यान्वयन गर्ने निकायहरूसँग अन्तरक्रिया




वित्तीय जानकारी इकाइले चैत १५ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुन कार्यान्वयन गर्ने तथा अनुसन्धानकारी निकायहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । अन्तरनिकाय सहकार्य, समन्वय तथा पृष्ठपोषणमा केन्द्रित रहेर इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, विशेष सरकारी वकिलको कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, नेपाल धितोपत्र बोर्डसहित कानुन कार्यान्वयन गर्ने तथा अनुसन्धानकारी निकायका ६० जना प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रमका प्रमुख अतिथि नायब महान्यायाधिवक्ता एवम् अनुसन्धान समन्वय संयन्त्रका संयोजक गोपालप्रसाद रिजालले पछिल्लो समय आर्थिक अपराध विश्वकै चासोको विषय रहेको उल्लेख गर्दै सोसम्बन्धी अभियोजन गरिएका मुद्दामा मुख्य प्राकृतिक व्यक्तिसहित संलग्न सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । त्यसको निम्ति सम्बद्ध निकायहरूसँग सहकार्य र समन्वयका लागि महान्यायाधिवक्ताको कार्यालय तत्पर रहेको उहाँको धारणा थियो ।

कार्यक्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक पुष्पराज शाहीले पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औँल्याएका क्षेत्रमा सुधारका लागि अनुसन्धान गर्ने, कानुन कार्यान्वयन गर्ने र सम्बद्ध अन्य निकायले गर्नुपर्ने सुधारका कार्यहरूको खाका प्रस्तुत गर्नुभयो । सो अवसरमा वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावलले कार्यक्रमको आवश्यकता र औचित्यबारे प्रकाश पार्दै इकाइ र सरोकारवाला निकायबिच भएका अन्तरक्रिया कार्यक्रमबारे जानकारी दिनुभयो । साथै, समग्र सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको प्रभावकारिता अभिवृद्धिका लागि सम्बद्ध निकायबिच समन्वय, सहकार्य र सूचना आदानप्रदान हुन आवश्यक रहेको धारणा उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रमको प्राविधिक सत्रमा तीन वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । त्यस क्रममा इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठले पारस्परिक मूल्याङ्कन तथा अन्तरनिकाय सहकार्य, समन्वय तथा पृष्ठपोषण र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रकाशचन्द्र सापकोटाले अनुसन्धान कार्यमा इकाइबाट प्रेषित सूचनाको उपयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान र अभियोजनका विषयमा प्रस्तुति दिनुभयो । यसै गरी, नेपाल प्रहरीका तर्फबाट प्रहरी निरीक्षकद्वय डिल्लीराज सापकोटा र दिनेश गौतमले इकाइबाट प्रेषित सूचनाको उपयोग, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी अनुसन्धान तथा अभियोजनका विषयसँगै पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औंल्याएका क्षेत्रमा गर्नुपर्ने सुधारका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशक एवम् विषयविज्ञ डा. हरिकुमार नेपालले सम्पत्ति शुद्धीकरण निवारण ऐनमा प्रस्तावित संसोधनबाट निकायगत अनुसन्धान पद्धतिमा हुनसक्ने परिवर्तनबारे चर्चा गर्नुभयो । इकाइका उप-निर्देशक विष्णुप्रसाद गुरागाईंले वित्तीय कारवाही कार्यदल (एफएटीएफ) को सिफारिसको प्रभावकारी कार्यन्वयनका लागि अन्तरनिकाय सहकार्यको आवश्यकतामा जोड दिनुभयो । इकाइका सहायक निर्देशक प्रतिभा थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# कोहलपुरमा नोट सर्टिङ र नोट पहिचानसम्बन्धी गोष्ठी



नेपालगञ्ज कार्यालयले चैत ८ गते बाँकेको कोहलपुरमा 'नोट सर्टिङ, शङ्कास्पद नेपाली तथा विदेशी मुद्रा पहिचान' विषयक गोष्ठी आयोजना गऱ्यो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालको उपस्थितिमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा नेपालगञ्ज कार्यालयसँगै, नोटकोष सञ्चालन गर्ने वाणिज्य बैंक र अन्य बैंक तथा वित्तीय संस्थाका ५५ जना कर्मचारीको सहभागिता थियो ।

कार्यक्रममा बैंकिङ विभागका उप-निर्देशक बिन्ती श्रेष्ठ (प्रसाई) ले 'सफा नोट नीति, २०७३' का व्यवस्था, नोट सर्टिङसम्बन्धी व्यवस्था र प्रक्रिया, शङ्कास्पद नेपाली नोट र विदेशी मुद्रा पहिचानसम्बन्धी व्यवस्था, शङ्कास्पद नेपाली मुद्रा र विदेशी मुद्रा पहिचान गर्ने सरल र प्रयोगात्मक विधि, मुलुकी अपराध संहिता, २०७४ मा उल्लिखित मुद्रासम्बन्धी कसुरलगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा पौड्याल र उप-निर्देशक बिन्ती श्रेष्ठले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाको संयोजनमा आयोजित कार्यक्रममा उप-निर्देशक रामकुमार कार्कीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक दीपेश यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सुर्खेतमा सरकारी कारोबारसम्बन्धी अन्तरक्रिया

सुर्खेत कार्यालयले चैत ७ गते सरकारी कारोबार गर्ने वाणिज्य बैंकका प्रतिनिधिको सहभागितामा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कर्णाली प्रदेशका लेखानियन्त्रक, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड र नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडका प्रदेश तथा शाखा प्रमुखको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा सरकारी कारोबारमा देखिएका समस्या र सुधारका उपायबारे छलफल भएको थियो । कार्यक्रममा कर्णाली प्रदेश सरकारको राजस्व र खर्च व्यवस्थापनसम्बन्धी कार्यलाई समन्वयात्मक ढङ्गले अगाडि बढाई यसमा देखिएका समस्यालाई समाधान गर्दै जानुपर्ने आवश्यकतामा जोड दिइएको थियो ।



सो अवसरमा सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले कर्णाली प्रदेश सरकारको सरकारी कारोबारमा संलग्न निकायबीचको समन्वयबाट सरकारी कारोबार निर्देशिका, २०७६ मा उल्लिखित व्यवस्थाको पालना हुने विश्वास व्यक्त गर्नुभयो । कार्यालयका सहायक निर्देशक रमेश पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न





२०८० चैत महिनामा विभिन्न विभाग/कार्यालयले ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै क्रममा गभर्नरको कार्यालयले चैत ७ गते 'Prospectus on P2P Lending & Crowdfunding in Nepal' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा आर्थिक अनुसन्धान विभागका उप-निर्देशक प्रह्लाद गिरीले प्रविधिमा आधारित वित्तीय सेवा (फिन्टेक) को परिचय, नेपालमा यसको अवस्था, 'पीटुपी लेन्डिङ र क्राउड फन्डिङ'को अवधारणा, यसको स्वरूप, नियामकीय संयन्त्र, विभिन्न मुलुकमा भएका अभ्यास, यसको प्रभावकारिता, जोखिम, नेपालमा यसको सम्भावनालगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो। कार्यक्रममा विभिन्न विभाग कार्यालयका ६० भन्दा बढी कर्मचारीको सहभागिता थियो।

सुर्खेत कार्यालयले चैत ८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा कार्यालयका सहायक निर्देशक रमेश पंगेनीले 'Risk Based Internal Audit (RBIA) in NRB' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले नेपाल राष्ट्र बैंकको आन्तरिक लेखापरीक्षण पद्धति, जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको अभ्यास, जोखिमको पहिचान, वर्गीकरण र जोखिम न्यूनीकरणका अभ्यासलगायतका विषयमा जानकारी दिनुभयो।

पोखरा कार्यालयले चैत १६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका सहायक निर्देशक पूर्णबहादुर मौराती नेपालीले 'बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रिया' विषयमा वार्ता प्रस्तुत गर्नुभयो।

यसै गरी, वित्तीय जानकारी इकाइले चैत २७ गते सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा इकाइका सहायक निर्देशक सत्येन्द्रमणि त्रिपाठीले 'APG/FATF Assessor Training', सहायक निर्देशक अर्जुन सुवेदीले 'Improving STR/SAR Quality' र सहायक निर्देशक आश्मा ज्ञवालीले 'Enhancing effectiveness of AML/CFT Framework and Beneficial Ownership' विषयमा प्रस्तुति दिनुभएको थियो। ■






# 'GL Software' सम्बन्धी तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले चैत ४ देखि ६ गतेसम्म सिद्धार्थनगरमा 'GL Software' विषयक तालिम कार्यक्रम सम्पन्न गरेको छ ।

विभिन्न विभाग/कार्यालयका ३१ जना अधिकृतस्तरका कर्मचारीको सहभागितामा केन्द्रले उक्त तालिम आयोजना गरेको हो । आठ वटा सैद्धान्तिक र एउटा सामूहिक प्रस्तुतिसहित नौ वटा सत्रमा उक्त तालिम सञ्चालन गरिएको थियो । सो अवसरमा सहभागीलाई ओलम्पिक बैंकिङ सिस्टम, रिपोर्टिङ प्रणाली, जीएलमार्फत हुने सार्वजनिक ऋण व्यवस्थापन, मुद्रा व्यवस्थापन, वित्त व्यवस्थापन, बैंकिङ अपरेसन, लगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

## अवकाश

वित्त व्यवस्थापन विभागका प्रधान सहायक गोकर्णप्रसाद ओझाले चैत १५ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । यसै गरी, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यालय सहयोगी तृतीय मणिकुमार भण्डारीले चैत ३ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँहरूले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ ।

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल